नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक ११७ | २०८१ साल मंसिर १९ गते बुधबार (4 Dec. 2024 Wednesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय तह उपनिर्वाचनको सबै.. ३ पृष्ठमा : मिथिलामा विवाहपञ्चमी ... ३ पृष्ठमा :भारतमा पहिरोमा फसेक ...

## मृत भेटिएकी बालिकाको पहिचान खुल्यो

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ११ सखुवास्थित कोशी पलारमा आइतबार मृत भेटिएकी बालिकाको पहिचान खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले कोशी पलारमा अन्दाजी ३ फिट पानीमा राजविराज वडा नं. १४ की ९ वर्षिया सन्ध्या कुमारी मण्डलको शव फेला परेको जनाएको छ ।

प्रहरी प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार मृतक बालिकाका बुबा इन्द्रजित मण्डलको छोरी रहेको बताएका छन् । घटना बारे थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## आजपाको सप्तरी कमिटी बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

आम जनता पार्टी (आजपा) सप्तरीको जिल्ला कमिटी विस्तार गरिएको छ ।

प्रभु साह नेतृत्वको गठित जिल्ला कमिटिको उपाध्यक्षमा प्रभु नारायण यादव, फेकन मण्डल, नन्दन यादव, सचिवमा मो. ईस्लाम, सहसचिवमा मुकेश देव, श्रवण माझी, आनन्द यादव र कोषाध्यक्षमा गेनावति साह रहेका छन् ।



जिल्ला अध्यक्ष प्रभु साह

आजपा सप्तरी जिल्ला कमिटीको इन्चार्जमा उमेश कुशवाहा र सह ईन्चार्जमा सुनिल राज दासलाई जिम्मेवारी दिइएको सो पार्टीले जनाएको छ ।

यसैगरी सदस्यहरुमा सदस्य गिता साह, बिशेश्वर प्रसाद साह, रमिता चौधरी, किरण साह, उपेन्द्र मंडल, प्रदिप कुमार साह, महेश साह, बिरेन्द्र साह, दिनेश सुतिहार, जयकान्त साह, जुगेशवर साह, कृष्ण साह, जयनरायण मंडल, अयोगि मंडल, सुनिता केशरी, बिहल साह, नारायण साह, शिवनाथ राम, गौरी मंडल, गौरी साह, कपुर देवी राम, चनन कुमारी राम, किरण साह, शोभा साह, सुनिता सदा, सौनिया सदा, तारावती राम, रेखा सदा, मो.नसार हुसेन, मो.कैयुम, रहेका छन् ।

त्यसैगरी मो.कलामउद्दिन, जैतुन खातुन, समिना खातुन, सहनाज खातुन, सैफुल खातुन, बिभा यादव, सुभिता सदा, सन्तोषी देवी साह, शोभा देवी साह, रुबी देवी साह, रोहित कुमार साह, मो. तोजित, मो. तैयब, मो.ईसाक, मो. हसमत, मो. यैयुब, मो.उस्मान, रघु सदा, चन्दी सदा, दिपेन सदा, संन्तोष कुमार साह, देव कुमार राम, गोपाल साह, राजीव देव, रामदेव साह, मो.रफिद, मो.हजरत, मो.इसराईल, मुन्ने खातुन, ललिता चौधरी, बिभा देवी मंडल, ईनरदेव मंडल, नारायण पाल, श्याम सुन्दर सदा, बिनय कुमार सदा, बिमल कुमार सदा, राजकुमार सदा, इनर देव सदा, सबुर लाल सदा, अजय कुमार सदा, केसर सदा, लिलम राम, फुलेश्वरी देवी राम, फुल कुमारी देवी राम, सकिला खातुन, मो. अनवर, किसन देवी राम, फुल कुमारी देवी राम, सकिला खातुन, मो. अनवर, किसन देवी राम लगायतका रहेको आजपा मधेस प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाले जनाएका छन् ।

## असक्त अपाङहरुलाई कम्बल तथा विद्यार्थीलाई झोला र शैक्षिक सामाग्रि बितरण





**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

३३औं अन्तराष्ट्रिय अपाङ दिवसको अवसरमा मंगलबार राजविराजमा विभिन्न कार्यक्रमको आयोजना गरि मनाइएको छ ।

समावेशी अपाङ संघ, बौद्धिक अपाङगता अभिभावक संघ र बौद्धिक अपाङ संघ सप्तरीको संयुक्त आयोजनामा गरिब तथा असक्त अपाङहरुलाई कम्बल तथा झोला र शैक्षिक सामाग्रि बितरण कार्यक्रमको आयोजना गरेको हो ।

राजविराज नगरपालिका, नेपाल एसबिआई बैंक र लिभ इन्क्लुसिभको सहयोगमा आयोजित कार्यक्रममा ३५ असक्त अपाङलाई कम्बल तथा १५ जना विद्यार्थीलाई झोला र शैक्षिक सामाग्रि बितरण गरिएको छ ।

समावेशी अपाङ संघका अध्यक्ष सतिशचन्द्र झाको अध्यक्षता तथा राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परविनको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा बौद्धिक अपाङता अभिभावक संघका कार्यवाहक अध्यक्ष राजेश परियार, एसबिआई बैंकका शाखा प्रबन्धक परिक्षा दास, शम्भु चौरसिया, बहिरा संघका अध्यक्ष अरबिन्द्र चौधरी, वडा नं. ३ का अध्यक्ष अनिल दास, राजविराज नगरपालिकाका सामाजिक शाखा प्रमुख अनिता चौधरी, शिक्षा शाखाका भगवती विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो ।

## गढीमाई मेलाका अवसरमा मंसिर २३ गते सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

बाराको महागढीमाई नगरपालिकामा लाग्ने पञ्चवार्षिक गढीमाई मेलाका अवसरमा मंसिर २३ गते आइतबार प्रदेश सरकारले सार्वजनिक बिदा घोषणा गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विश्वप्रसिद्ध गढीमाई मेलाको विशेष पूजा हुने मंसिर २३ गते सार्वजनिक तथा सरकारी निकायका लागि बिदा घोषणा गरेको हो ।

मुख्यमन्त्री सतिशकुमार सिंहले प्रति लाखौंको सँख्यामा श्रद्धालुभक्तजनहरूको गहिरो आस्था र दृढ विश्वास रहँदै आएकाले र प्रदेशको धरोहरको रूपमा स्थापित गढीमाई मेलामार्फत घरेलु पर्यटन विकासलाई थप बलियो बनाउने गरी बिदा घोषणा गरिएको बताए ।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२



## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुर्घटना न्युनिकरणका लागि संवेदनशिल बनौं

मुलुकको दुर्घटनाको तथ्याङ्क हेर्ने हो भने बढी दुर्घटना दुई पाङग्रे सवारीसाधनहरुबाट हुने गरेको पाइएको छ। यसको न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रमका साथै आफै पनि सचेत हुनु आवश्यक छ। सप्तरी जिल्लामा दुर्घटना दिनहुँ जसो हुने गरेको छ। यहाँ मोटरसाइकल बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ। यसरी सवारी दुर्घटना न्यूनिकरणमा ट्राफिक प्रहरीको भूमिका बढी आवश्यक छ।

जिल्लाको प्रहरीको तथ्याङ्कमा १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको देखाएको छ। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो। यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ। तर, त्यस्तो गरिएको पाइन्न्। यसबाहके अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छ। नयाँ नयाँ मोटरसाइकल खरीद गरेर उनीहरुले आफ्ना बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ।

तसर्थ दुर्घटना न्युनिकरणका लागि प्रहरीका साथै अभिभावक समेतले आफ्ना बालबालिकालाई सचेत गराउन उत्तिकै आवश्यक छ। जसले गर्दा दुर्घटना न्युनिकरणमा थोरै भएपनि मद्दत पुग्ने छ। गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय तह उपनिर्वाचनको सबै नतिजा सार्वजनिक

**रमेश लम्साल**

काठमाडौं, १८ मङ्सिर (रासस)।

स्थानीय तहको रिक्त ४१ पदका लागि आइतबार भएको उपनिर्वाचनको सबै नतिजा सार्वजनिक भएको छ।

निर्वाचन आयोगका अनुसार काठमाडौंको कीर्तिपुर नगरपालिकाका प्रमुख, दोलखाको गौरीशङ्कर गाउँपालिका उपाध्यक्ष, हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्ष र उदयपुरको बेलका नगरपालिका-९ को वडाध्यक्षको मतगणना सम्पन्न भएसँगै सोमबार राति मतपरिणाम सार्वजनिक भएको हो।

कीर्तिपुर नगरपालिकाको प्रमुखमा कांग्रेसका कृष्णमान डङ्गोल पाँच हजार तीन सय ३४ मत प्राप्त गरी विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का शिवशरण महर्जनले चार हजार पाँच सय ५५ मत प्राप्त गर्नुभयो। यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सुरेन्द्र मानन्धरले चार हजार तीन सय २७ र स्वतन्त्र उम्मेदवार राजमान महर्जनले दुई हजार ३६ मत प्राप्त गर्नुभयो।

दोलखाको गौरीशङ्कर गाउँपालिकाको उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उमा लुङ्गेली मगर शेर्पा विजयी हुनुभएको छ। उहाँले दुई हजार आठ सय पाँच मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार निम लेकी शेर्पाले दुई हजार छ सय मत प्राप्त गर्नुभयो।

यस्तै, नेपाली कांग्रेसका उम्मेदवार पासदिकी तामाङले एक हजार सात सय २७ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका मनकुमारी श्रेष्ठले एक सय १८, राष्ट्रिय स्वतन्त्र पार्टीका गोमा श्रेष्ठले एक सय, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का रविना खड्काले ९० मत प्राप्त गर्नुभएको निर्वाचन आयोगले जनाएको छ।

हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रकी देवकी तिमिल्सिना विजयी हुनुभएको छ। नेपाली कांग्रेसका उम्मेदवार सविता बुढालाई पछि पार्दै माओवादी केन्द्रका उम्मेदवार तिमिल्सिनाले ४३ मत अन्तरले विजयी हुनुभएको हो। सर्केगाडमा छ हजार आठ सय १० मतदाता रहेकामध्ये चार हजार पाँच सय २४ मत खसेको थियो। तिमल्सिनाले एक हजार छ सय ३७ मत ल्याएर विजय हासिल गर्नुभएको हो।

उहाँकी निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी सविता बुढाले एक हजार पाँच सय ९४, नेकपा एमालेकी जाना शाहीले एक हजार एक सय ३२, राष्ट्रिय प्रजातन्त्र पार्टीकी सङ्गीता शाहीले ५१, राष्ट्रिय स्वतन्त्र पार्टीकी बाँचा बुढाले २५ र स्वतन्त्र उम्मेदवार नरेश शाहीले नौ मत प्राप्त गर्नुभयो।

आयोगका अनुसार उदयपुरको बेलका नगरपालिका-९ को वडाध्यक्षमा माओवादी केन्द्रका भरत घिमिरे पाँच सय ५९ मत प्राप्त गरी विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी मोहन खड्काले पाँच सय २५, नेपाली कांग्रेसका नवराज बस्नेतले चार सय चार, जनता समाजवादी पार्टीका राजकुमार राईले दुई सय सात, राष्ट्रिय स्वतन्त्र पार्टीका तेजमान विश्वकर्माले एक सय २३ मत प्राप्त गर्नुभएको छ।

मत परिणामअनुसार कांग्रेसले कीर्तिपुरको प्रमुखसहित १६ वडाध्यक्षमा जीत हासिल गरेको छ। यसैगरी एमाले एक गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र पाँच वटा वडामा विजयी भएको छ। माओवादी केन्द्रले एक गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र एक नगरपालिका उपाध्यक्षसहित सात वटा वडामा जीत हासिल गरेको छ।

उपनिर्वाचनमा जसपा नेपाल दुई, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी एक/एक स्थानमा विजयी हुँदा एक स्वतन्त्र उम्मेदवारले पनि वडाध्यक्षमा स्थान बनाउनुभएको छ। कूल ४४ पदका लागि उपनिर्वाचनको कार्यतालिका रहे पनि आइतबार ४१ पदका लागि मात्रै मतदान भएको थियो।

ओखलढुङ्गा र कैलालीको जिल्ला समन्वय समितिको प्रमुख र रुकुमपूर्वको पुथा उत्तरगङ्गा-२ को वडाध्यक्ष निर्विरोध निर्वाचित हुनुभएको थियो। आयोगका अनुसार नगरपालिकाका प्रमुख एक जना, उपप्रमुख एक जना, गाउँपालिकाका अध्यक्ष दुई जना, उपाध्यक्ष चार जना तथा वडाध्यक्ष ३३ जना गरी जम्मा ४१ पदका लागि भएको उपनिर्वाचनमा राजनीतिक दलका दुई सय ७४ जना र स्वतन्त्र एक सय दुई जना गरी जम्मा तीन सय ७६ उम्मेदवार थिए।

**कहाँ को निर्वाचित ?**

मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका नमोनारायण माझी छ हजार नौ सय ६९ मत प्राप्त गरी विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी कांग्रेसका बलराम सरदार थारुले पाँच हजार तीन सय ३३ मत प्राप्त गर्नुभयो।

दैलेखको महाबु गाउँपालिकाको अध्यक्षमा एमालेका जङ्गबहादुर शाही तीन हजार एक सय २७ मतसहित विजयी हुनुभयो। उहाँको प्रतिस्पर्धी कांग्रेसका झलकबहादुर भण्डारीले दुई हजार छ सय ७५ मत ल्याउनुभयो।

जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा माओवादीका देवका लामिछाने चार हजार दुई सय ७२ मत पाई निर्वाचित हुनुभयो। उहाँका निकटतम् प्रतिस्पर्धी कांग्रेसका इन्द्रा चन्द (सिंह) ले तीन सय एक सय ४७ मत प्राप्त गर्नुभएको छ।

रुकुम (पूर्व भाग) को पुथा उत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रका नरपुर बुढा तीन हजार छ सय २७ मत ल्याएर विजयी हुनुभयो। उहाँको प्रतिस्पर्धी एमाले-कांग्रेस गठबन्धनका उम्मेदवार केशकुमारी तुलाचनले दुई हजार एक सय २८ मत मात्रै पाउनुभयो।

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्षमा एमालेका सुलोचनाकुमारी भण्डारी विजयी हुनुभयो। उहाँले एक हजार सात सय ४० मत ल्याउँदा कांग्रेसका पुल्तीसरा शाहीले एक हजार चार सय ७४ मत पाउनुभयो।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३ मा एमालेका कुमारी सावादेन तीन सय ५३ मतसहित विजयी हुनुभएको छ। उहाँको निकटतम् प्रतिद्वन्द्वी माओवादी केन्द्रका अम्बी साउदेनले दुई सय ५१ मत प्राप्त गर्नुभयो। झापाको कन्काई नगरपालिका वडा नं ६ मा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओली चार सय ९३ मत प्राप्त गरी विजयी हुनुभयो। उहाँको प्रतिद्वन्द्वी एमालेका तुलाराम बस्नेतले तीन सय ५६ मत पाउनुभयो।

तेह्रथुमको लालीगुराँस नगरपालिका-८ मा कांग्रेसका नगेन्द्र लिम्बू चार सय ४० मत प्राप्त गरी विजयी हुनुभयो। उहाँसँग एमालेका बुद्धबहादुर लिम्बू तीन सय ६० मत प्राप्त गरी पराजित हुनुभयो। सुनसरीको गढी गाउँपालिका-६ मा कांग्रेसका तेतर साहु आठ सय १६ मत प्राप्त गरी विजयी हुँदा माओवादी केन्द्रका कुशेश्वर खेरवार सात सय ९४ मत प्राप्त गरी पराजित हुनुभयो।

ओखलढुङ्गाको मोलुङ गाउँपालिका-५ मा एमालेका गङ्गाबहादुर तामाङ तीन सय ९९ मत प्राप्त गरी विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी कांग्रेसका घनश्याम दाहाल एक सय ७७ मत पाएर पराजित हुनुभयो। उदयपुरको त्रियुगा नगरपालिका-१२ मा माओवादी केन्द्रका नवीनकुमार बान्तवा राई विजयी हुनुभयो। उहाँले नौ सय २३ मत पाउँदा एमालेका लक्ष्मीनारायण चौधरीले छ सय आठ मत प्राप्त गर्नुभयो।

सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ को वडाध्यक्षमा जनता समाजवादी पार्टी, नेपालका धीरेन्द्रकुमार साह निर्वाचित हुनुभएको छ। उहाँसँग कांग्रेसका भूलियादेवी थरुनी पाँच सय ८७ मत मात्र प्राप्त गरी पराजित हुनुभयो। डाक्नेश्वरी-४ मा जनता समाजवादी पार्टी नेपालकै देवेन्द्रप्रसाद यादव तीन सय ७२ मत प्राप्त गरी विजयी हुनुभयो। उहाँको प्रतिस्पर्धी कांग्रेसका जोगिन्द्रराय अमातले दुई सय ७७ मत पाउनुभयो।

धनुषाधाम नगरपालिका-१ मा माओवादी केन्द्रका सुनील कापर केवट छ सय ८४ मतसहित विजयी हुनुभयो। उहाँको प्रतिस्पर्धी कांग्रेसका अशोककुमार मण्डलले छ सय दुई मत प्राप्त गर्नुभयो। महोत्तरीको रामगोपालपुर नगरपालिका-२ को वडाध्यक्षमा एमालेका सकिबुल खाँ छ सय ३१ मत प्राप्त गरी निर्वाचित हुनुभयो। उहाँको प्रतिस्पर्धी आइतीकुमारी यादवले पाँच सय ३४ मत प्राप्त गर्नुभयो।

रौतहटको ईशनाथ नगरपालिका-७ मा कांग्रेसका शेख अब्दुल खलिक छ सय २७ मतसहित विजयी हुँदा एमालेका शेख अनवार पाँच सय ७५ मत प्राप्त गर्नुभएको थियो। गढीमाई नगरपालिका-८ एकीकृत समाजवादीका बजरङ्गी प्रसाद यादवले छ सय ५५ मत प्राप्त गरी निर्वाचित हुनुभयो। उहाँका प्रतिस्पर्धी एमालेका जीउतीदेवी यादवले छ सय ३१ मत पाउनुभयो।

रौटहटकै राजपुर नगरपालिका-६ को वडाध्यक्षमा कांग्रेसका समसे आलम सात सय ४४ मतसहित विजयी हुँदा माओवादीका जिकरलाह चार सय ६३ मत पाई पराजित हुनुभयो। नुवाकोटको ककनी गाउँपालिका-२ मा माओवादी केन्द्रका कृष्ण घिमिरे एक हजार ८५ मत प्राप्त गरी विजयी हुनुभयो। कांग्रेसका सूर्य तामाङले पाँच सय ८७ मत प्राप्त गर्नुभयो।

काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष रोजिना श्रेष्ठले दुई हजार नौ सय दुई मत प्राप्त गरी विजयी हुँदा उहाँका प्रतिस्पर्धी एमालेका लक्ष्मीरत्न तुलाधरले दुई हजार दुई सय २० मत प्राप्त गरी पराजित हुनुभयो।

काठमाडौंका कीर्तिपुर नगरपालिका-१ मा कांग्रेसका इच्छ्याकुमार महर्जन पाँच सय ६२ मत पाई निर्वाचित हुनुभयो भने एमालेका हर्ष महर्जनले चार सय ९८ मत मात्रै पाउनुभयो। वडा नं ४ मा कांग्रेसका राजेन्द्र बानियाँ विजयी हुनुभयो। उहाँले सात सय ४२ मत पाउँदा स्वतन्त्र उम्मेदवार पविता खड्का (अधिकारी) ले चार सय ९५ मत पाउनुभयो।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका १२ को वडाध्यक्षमा कांग्रेसका अर्जुनप्रसाद तिवारी दुई हजार ६३ मतसहित विजयी हुनुभयो। उहाँको प्रतिस्पर्धी माओवादीका रविकुमार प्रधान एक हजार पाँच सय ६० मतसहित पराजित हुनुभयो।

गोरखाको गोरखा नगरपालिका-५ को वडाध्यक्ष पदमा माओवादीका विष्णुबहादुर मगर चार सय ८६ मत प्राप्त गरी निर्वाचित हुँदा प्रतिस्पर्धी भाइकाजी आलेले चार सय दुई मत मात्र पाउनुभयो। गुल्मीको मुसिकोट नगरपालिका-१ को वडाध्यक्षमा कांग्रेसका आनन्द श्रेष्ठले एक हजार एक सय ८४ मत प्राप्त गरी विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी एमालेका दलबहादुर थापाले नौ सय ३० मत पाउनुभयो।

कपिलवस्तुको शुद्धोधन गाउँपालिका- १ मा एमालेका मोहमद ताहिर मुलसलमाले एक हजार एक सय ५० मतसहित विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी कांग्रेसका दिनेशकुमार यादवले एक हजार ७६ मत पाउनुभयो। रोल्पाको रुन्टीगढी गाउँपालिका-४ मा कांग्रेसका भूपमणि पुनमगर छ सय ४३ मतसहित विजयी हुँदा एमालेका वेगम पुनले पाँच सय ३५ मत पाउनुभयो।

बर्दियाको ठाकुरबाबा नगरपालिका-४ मा कांग्रेस उम्मेदवार अमिन थारु एक हजार ४३ मत ल्याएर विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी शेरबहादुर थारुले छ सय ७८ मत पाउनुभयो। डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ को वडाध्यक्षमा माओवादीका नरबहादुर झाँक्री एक सय ६१ मतसहित निर्वाचित

*बाँकी तीन पृष्ठमा*

# मिथिलामा विवाहपञ्चमी महोत्सवको रौनक

**शीतलप्रसाद महतो**

काठमाडौँ, १८ मङ्सिर (रासस)।

त्रेतायुगमा मर्यादा पुरुषोत्तम् राम र आदर्श नारी सीताबीच भएको वैवाहिक महोत्सवको स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी पर्व मनाउने गरिन्छ। यसवर्ष मङ्सिर १६ गतेदेखि सुरु भएको विवाहपञ्चमी मङ्सिर २२ गतेसम्म सञ्चालन हुनेछ। त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सवको रौनक यतिखेर नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ। विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपाल तथा छिमेक मुलुक भारतका विभिन्न स्थानबाट हजारौं साधुसन्त तथा दर्शनार्थी जनकपुरधाम आउने क्रम जारी छ। आएका दर्शनार्थी बाह्रबिघा मैदान, जानकी मन्दिरको प्राङ्गण, सडकपेटी, विभिन्न मठमन्दिर, कुटी तथा संघसंस्थामा बास बसेका छन्।

त्रेतायुगमा अयोध्याका राजा दशरथपुत्र भगवान श्री राम र जनकपुरका राजा जनकपुत्री माता सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ। यस अवसरमा प्रत्येक वर्ष झैं यस वर्ष पनि अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्न्यासी, हजारौं साधु, सन्त, महात्मा सो विवाह महोत्सवमा उपस्थित हुनका लागि जनकपुरधाममा आइसक्नुभएको छ भने कतिपय आउने क्रम जारी छ। सयौं रथ, बाजागाजा, नाचसहित जन्ती आउने चलन छ। सोहीअनुरूप विगत केही दिनदेखि अयोध्याबाट हजारौं जन्ती तथा दर्शनार्थी जनकपुर आउने क्रम जारी छ। प्रत्येक वर्ष महोत्तरीको मटिहानी हुँदै जन्ती, लावालस्करसहित जनकपुर आउने गर्छन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि विशेष पूजाअर्जना गर्ने चलन छ।

**विवाह पञ्चमी महोत्सव भव्य र सभ्यरूपमा मनाउने**

मार्गशीर्ष शुक्ल पञ्चमीमा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महामहोत्सवलाई यो वर्ष प्रदेश सरकारले भव्य रूपमा मनाउने भएको छ। मङ्सिर १७ गते भारतको अयोध्याबाट आउने जन्तीलाई भव्य स्वागत गरिनेछ। जन्तीलाई महोत्तरीको मटिहानी आइपुगेपछि मटिहानी नगरपालिकाले स्वागत गर्नेछ। स्वागत तथा रात्रिको भोजन र आवासको व्यवस्थापन पनि मटिहानी नगरपालिकाले गर्ने तयारी गरेको छ। मङ्सिर १८ गते मटिहानीबाट हिँड्ने जन्तीलाई महोत्तरीकै जलेश्वर नगरपालिकाले स्वागत गरेर चिया तथा खाजाको प्रबन्ध गर्नेछ भने सोही दिन पिपरामा जन्तीलाई भोजनको व्यवस्थापन गरिनेछ। सोही दिन साँझ जनकपुरधाम आइपुग्ने जन्ती बाह्रबिघा रङ्गभूमि मैदानमा आयोजना गरिने धनुष यज्ञमा सहभागी हुने कार्यक्रम छ। त्यसैगरी मङ्सिर २१ गते जानकी मन्दिरको प्राङ्गणमा रातमा मैथिली परम्परानुसार भगवान राम र माता सीताको प्रतीकात्मक विवाह उत्सवको कार्यक्रम हुन्छ।

मङ्सिर १६ गते नगर दर्शनबाट सुरु हुने विवाहपञ्चमी महोत्सवअन्तर्गत १७ गते फूलबारी लीला, १८ गते धनुष यज्ञ, १९ गते तीलकोत्सव, २० गते मटकोर तथा २१ गते विवाह उत्सव र २२ गते रामकलेवाका कार्यक्रम रहेका छन्। जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिइन्छ। हाल जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुलीझैँ सिङ्गारिएको छ। जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले छोरीको बिहेको आयोजन गरिरहेको जस्तै अनुभव हुन्छ। उहाँले बिहेमा माता सीताको पिता राजा जनकको भूमिका निर्वाह गर्नुहुन्छ। रामजानकी विवाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ। विवाहपञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेका छन्। अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै स्थानीयले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्छन्। विवाहपञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौं भक्तजनले उत्सवमा सहभागिता जनाउने गर्छन्। विवाहपञ्चमीमा मिथिलाको लोप हुन लागेको कला संस्कृतिहरूको झझल्को दिने जस्ता सांस्कृतिक कार्यक्रमहरूमा हेर्न पाइन्छ। यसमा बालबालिकाहरूलाई, राम, सीता, लक्ष्मण बनाई नाटक प्रदर्शन, झाँकी, नाचागान, भजनकीर्तन र भगवानका रूपमा पूजाआजासमेत गरिन्छ। यसले श्रद्धालुलाई निकै उत्साहित बनाउने गर्छन्। बाहिरबाट आएका श्रद्धालु भक्तजनका लागि विभिन्न संघसंस्था तथा स्थानीय क्लबले निःशुल्क आवास, भोजन, उपचार र माइकिङको ठाउँ ठाउँमा आयोजन गरेको छ।

**नगर दर्शन**

त्रेता युगमा अयोध्यानरेश दशरथपुत्र मर्यादा पुरुषोत्तम भगवान राम र मिथिलाका शिरध्वज राजर्षी जनकपुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापी रूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन मङ्सिर १६ गते नगर दर्शन विधि गरिन्छ। जसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाम नगरदर्शन गराइन्छ।

**फूलबारी लीला**

विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लीला हो। दोस्रो दिन मङ्सिर १७ गते फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ। त्रेता युगमा भगवान रामको पहिलो भेट भारतको गिरिजा माई मन्दिरको फूलबारीमा भएको रामायणमा उल्लेख छ। यो विधि जानकी मन्दिरको छेउमै रहेको राम जानकी विवाह मण्डपमा रहेको फूलबारीमा प्रत्येक वर्ष गरिँदै आएको छ। त्रेता युगमा गुरु विश्वामित्रसहित धनुषयज्ञमा अयोध्याबाट मिथिलाको राजधानी जनकपुरधाममा भाग लिन आएका राम र लक्ष्मण फूलबारीमा घुम्न जाँदा राम र सीताको नजर एक अर्कामाथि परेको किम्बदन्ती छ। जहाँ राम र जानकी एक अर्काप्रति आकर्षित भएको र जानकीले आफूलाई राम जस्तै बर पाउन कामना गरेको भन्ने मान्यता रहेको छ।

**धनुष यज्ञ**

तेस्रो दिन मङ्सिर १८ गते धनुष यज्ञ सम्पन्न हुन्छ। सीताले शिवजीको पिनाक (धनुष) लाई बायाँ हातले उठाएर लिपपोत गरेको देख्दा राजा जनक यो धनुषमा प्रत्यञ्चा चढाउन सक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने बचन दिएकाले धनुष यज्ञको आयोजन गरिएको मानिन्छ। त्रेता युगमा सो धनुष यज्ञको आयोजन रङ्गभूमि मैदान १२ विघामा भएको मानिन्छ। सोही स्मरणमा धनुष यज्ञ विधि सम्पन्न गरिन्छ।

**तिलकोत्सव विधि**

महोत्सवको चौथो दिन मङ्सिर १९ गते राम मन्दिरको प्राङ्गणमा हजारौंको भीडका बीच तिलकोत्सव विधि सम्पन्न हुन्छ। तिलकोत्सवमा महन्थ रामतपेश्वर दास वैष्णवको नेतृत्वमा जानकी मन्दिरबाट पाहुना राम मन्दिरमा आउँछ। जहाँ जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र राम मन्दिरका महन्थ राम गिरीबीच अङ्कमाल (समधी मिलान) हुन्छ। तिलकोत्सवमा सहभागी महिलाले रामजानकीको बिहेका गीत गाउँछन् भने हाँस्य परिहासको माहोलसमेत हुन्छ।

समधी मिलान कार्यक्रममा जानकी मन्दिरका महन्थ, उत्तराधिकारी महन्थ, पुजारीहरू सहभागी हुने गर्छन् भने राम मन्दिरबाट महन्थ स्वयं, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधिहरू सहभागी हुन्छन्।

**मटकोर विधि**

महोत्सवको पाँचौं दिन मङ्सिर २० गते मटकोर विधि हुन्छ। मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाले जनकपुरधामकै पवित्र सरोवर रहेको गङ्गासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्पराअनुसार गीत गाउँदै माटो खनेर ल्याउने गर्छन। सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ।

**स्वयम्बर विधि**

छैटौं दिन मङ्सिर २१ गते ऐतिहासिक रङ्गभूमि मैदानमा स्वयम्बर विधि सम्पन्न भएको छ। सो दिन राति वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न हुनेछ। स्वयम्बरका लागि राम मन्दिर तथा जानकी मन्दिरको डोला रङ्गभूमि मैदान (१२ बिघा) पुग्छन्। डोलाको दर्शन र रामजानकीको स्वयंबर हेर्न बाह्रबिघा मैदानमा हजारौंको सङ्ख्यामा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ। स्वयंबर पश्चात राम र जानकीको डोलालाई नगर परिक्रमा गर्दै जानकी मन्दिरमा पुगेर साँझदेखि विवाहको काम शुरु हुन्छ। राम र सीताको विवाहको लागि जानकी मन्दिर प्राङ्गणमा विवाह मण्डप अर्थात मरबा बनाइएको हुन्छ। राम र जानकीको विवाहको लागि जानकी मन्दिरलाई भव्य रूपमा सिङ्गारिएको छ। वैवाहिक कार्यक्रममा झाँकी कीर्तणसहितको सांस्कृतिक कार्यक्रमहरू आयोजन हुने गर्दछ। जसको अवलोकनको लागि हजारौं दर्शनार्थीको जानकी मन्दिरमा भीड लाग्ने गर्दछ। वैवाहिक कार्यक्रममा भगवान रामका बुबा राजा दशरथको भूमिकामा राम मन्दिरका महन्थ राम गिरी र सीताको पिता राजा जनकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवले भूमिका निर्वाह गर्दछन्।

**रामकलेवा**

विवाहपञ्चमीको सातौं दिन मङ्सिर २२ गते भारतको अयोध्याबाट जन्तीका रूपमा आएका साधु सन्तहरूलाई भोजन गराउँदै विदायी गरिन्छ। जसलाई रामकलेवा भनिन्छ। राम कलेवामा बेहुला पक्षबाट आएकाहरूलाई गालीगलौज गर्नेसमेत परम्परा छ। मन्दिरका पुजारी तथा मिथिलाका नारीहरू गीतकै माध्यमले गाली गर्ने गर्छन्।

विवाह मोहत्सव हेर्न आउने श्रद्धालुका लागि विभिन्न खाले मनोरन्जनको समेत व्यवस्था गरिएको हुन्छ। महोत्सवलाई व्यवस्थित र भरपर्दो सुरक्षित बनाउन स्थानीय सुरक्षा समितिले विशेष रणनीतिसमेत बनाएको हुन्छ।

## *स्थानीय तह...*

हुनुभयो। उहाँको प्रतिस्पर्धी नरबहादुर रोकाले एक सय १६ मत पाउनुभयो।

कालिकोटको तिलागुफा नगरपालिका-४ मा नेपाल मजदुर किसान पार्टीका खड्गराज शाही एक सय ४३ मतसहित विजयी हुँदा प्रतिस्पर्धी माओवादीका नौशोभा शाही एक सय १५ मतमा सीमित हुनुभयो। जाजरकोटको कुशे गाउँपालिका-७ मा कांग्रेसका खम्बबहादुर सिंह तीन सय ४७ मत ल्याएर विजयी हुँदा माओवादीका गोरखबहादुर नेपालीले तीन सय ३२ मत पाउनुभयो।

दैलेखको दुल्लु नगरपालिका-१३ को वडाध्यक्षमा एमालेका लालबहादुर शाही पाँच सय ७४ मत ल्याएर विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी कांग्रेसका रेशमबहादुर शाहीले पाँच सय ७१ मत पाउनुभयो। रुकुम (पश्चिम भाग) को सानीभेरी गाउँपालिका-५ मा कांग्रेसका मोतीराम खत्री पाँच सय ९० मतका साथ निर्वाचित हुनुभयो। उहाँका प्रतिस्पर्धी माओवादीका जसीराम बस्नेतले पाँच सय ३७ मत पाउनुभयो।

बझाङको सुर्मा गाउँपालिका-४ को वडाध्यक्षमा कांग्रेसका धीरेन्द्र पुजारा छ सय ५७ मतसहित विजयी हुँदा प्रतिस्पर्धी एमालेका लखीचन्द्र बोहोरा चार सय ८७ मतमा सीमित हुनुभयो। डोटीको पूर्वीचौकी गाउँपालिका-६ मा कांग्रेसका मोहन थापा चार सय ६८ मतका साथ निर्वाचित हुनुभयो। उहाँको निकटतम प्रतिस्पर्धी एमालेका देवबहादुर थापाले तीन सय एक मत पाउनुभयो।

दार्चुलाको दुहुँ गाउँपालिका-५ मा कांग्रेसका धनसिंह कुँवर तीन सय ७६ मतसहित विजयी हुँदा प्रतिस्पर्धी एमालेका मानसिंह बडाल तीन सय ५८ मतमा सीमित हुनुभयो। कञ्चनपुरको भीमदत्त नगरपालिका-६ को वडाध्यक्षमा कांग्रेसका प्रकाश चन्द एक हजार एक सय सात मतसहित निर्वाचित हुनुभयो। उहाँका प्रतिस्पर्धी एमालेका बहादुर चन्दले चार सय ८७ मत ल्याउनुभयो।

# विश्व समाचार

## भारतमा पहिरोमा फसेका चारवटा शव फेला

नयाँदिल्ली, १८ मङ्सिर (रासस/सिन्ह्वा)।

भारतको दक्षिणी राज्य तमिलनाडुमा उद्धारकर्ताहरूले पहिरोमा फसेका चारवटा शव निकालेको बताएका छन्।

तमिलनाडुको राजधानी चेन्नईबाट करिब १९५ किलोमिटर पश्चिममा रहेको तिरुवन्नमलाईमा आइतबार भारी वर्षा पछि आएको पहिरोले एउटा आवासीय भवनमा ढुङ्गा खसेको थियो, जसमा सात जना फसेका थिए।

अधिकारीहरूले सोमबार ठूला चट्टान सनहरूले स्क्यानिङ मेसिनहरूलाई फसेका मानिसहरूलाई पत्ता लगाउन गाह्रो बनाइरहेका बताएका छन्।

सोमबार तिरुवन्नमलाईमा दोस्रो पहिरो गएको अधिकारीहरूले बताएका छन्। दुर्घटनामा कुनै मानवीय क्षति भए नभएको तत्काल थाहा नभएको अधिकारीहरुले उल्लेख गरेका छन्।

## थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको संख्या २५ पुग्यो

बैङ्कक (थाइल्याण्ड), १८ मङ्सिर (रासस/एएफपी)।

दक्षिणी थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या २५ पुगेका अधिकारीहरूले मङ्गलबार बताएका छन्। अझै केही दिनसम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ।

नोभेम्बरको अन्त्यदेखि दक्षिणी थाइल्याण्डका बाह्र प्रान्तमा बाढीले चार लाख १० हजार ४५१ मानिसहरूलाई प्रभावित बनाएको छ।

थाई सरकारको जनसम्पर्क विभागले पट्टानी, नाराथिवाट, सोङ्खला र याला प्रान्तमा बाढीका कारण २२ हजारभन्दा बढी मानिसहरु बाढीबमाट विस्थापित भएको जनाएको छ।

सोङखलाको पोल्ट्री फार्मका मालिक सुवास बिन-उमाले भन्नुभयो,"बाढीले १० हजार भन्दा बढी कुखुरा नष्ट गर्दा मैले कम्तिमा तीन लाख भाट गुमाएँ।"

थाई मौसम विभागले मङ्गलबार डिसेम्बर छ सम्म भारी वर्षा जारी रहने चेतावनी दिएको छ। सरकारले बाढी प्रभावित बासिन्दाहरूलाई सहयोग गर्न उद्धार टोली खटाएको र प्रत्येक प्रदेशलाई बाढी राहतका लागि छ करोड भाट तोकिएको छ।

मङ्गलबार थाई मन्त्रिपरिषद्ले प्रभावितहरूलाई सहयोग गर्न प्रति परिवार नौ हजार भाट भुक्तानलाई अनुमोदन गरेको छ।

छिमेकी उत्तरी मलेसियामा प्रकोप अधिकारीहरूले मङ्गलबार बाढीका कारण ९४ हजार भन्दा बढी मानिसहरू अझै पनि आफ्नो घर फर्कन नसकेका जनाएका छन्। पाँच जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ।

सन् २०११ मा, देशभरि व्यापक बाढीले ५०० भन्दा बढी मानिसहरूको ज्यान लियो र लाखौं घरहरूलाई क्षति पुर्याएको थियो।

## दक्षिण कोरियामा ३८ जना भियतनामी पर्यटक बेपत्ता : मिडिया

सियोल (दक्षिण कोरिया), १८ मङ्सिर (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाको दक्षिणी रिसोर्ट टापु जेजुमा ३८ जना भियतनामी पर्यटक बेपत्ता भएको योन्हाप समाचार एजेन्सीले मङ्गलबार टापुको पर्यटन इगगठनलाई उद्धृत गर्दै जनाएको छ।

गत नोभेम्बर- १४ मा चार्टर्ड भियेटजेट एयरको उडानबाट करिब ९० जना भियतनामी यात्रु टापुमा आइपुगेको स्रोतले जनाएको छ।

तिनीहरुमध्ये ३८ जना पर्यटकहरु यहि स्थान बाट सम्पर्क विहिन भएको तथा बाँकी यात्रुहरु सोहि उडानमा फिर्ता भएको स्रोतले जनाएको छ।

ती विदेशी यात्रुहरूलाई भिसा बिना ३० दिनसम्म उक्त टापुमा बस्न अनुमति दिइएको थियो। जसअनुसार ती भियतनामी पर्यटकहरू डिसेम्बर-१४ पछि अवैध आप्रवासी हुनेछन्।

टापुस्थित अध्यागमन कार्यालयले वेतत्ता भियतनामीहरूको ठेगाना पत्ता लगाउन निगरानी गरिरहेको जनाएको छ ।

## सन् २०२३ अक्टोबर देखि गाजामा ३४१ जना मानवतावादीको मृत्यु

न्युयोर्क, १८ मङ्सिर (रासस/क्यूएनए)।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले इजरायली आक्रमण सुरु भएदेखि गाजामा ३४१ जनाका मृत्यु भएको जनाएको छ। आक्रमणले गाजा पट्टीमा प्यालेस्टिनीहरू बारम्बार विस्थापित भइरहेको चेतावनीसमेत दिएको छ।

राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले प्रेस ब्रीफिङ्मा राहतकर्मीहरूले गाजामा अत्यावश्यक सहायता प्रदान गर्न जीवन जोखिममा परी इजरायली आक्रमणले वर्ल्ड सेन्ट्रल किचनका तीन जना र सेभ द चिल्ड्रेनका एक जना गरी चार जना मानवतावादी कामदारको ज्यान लिएको बताउनु भयो।

गत वर्षको अक्टोबरदेखि मृत्यु भएका सहायता कार्मीहरूको सङ्ख्या बढेर ३४१ पुगेको बताउदै यहाँले मानवीय साझेदारहरूले स्थानीय खाद्य प्रणाली सैन्य स्थल सञ्चालन, नागरिक क्षेत्रहरूमा आक्रमणले ध्वस्त पारेको छ उल्लेख गर्नु भएको छ।

विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) लाई उद्धृत गर्दै डुजारिकले ५० दिन भन्दा बढी समयदेखि उत्तरी गाजाको बेइट लाहिया, बेइट हानुन र जबल्याका क्षेत्रमा कुनै सहयता नआएको तथा अपवादको रुपमा सोमबार डब्लूएफपीले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को नेतृत्वमा मानवीय मिसनको साथ २०० खाना पार्सलहरू बेइत लाहियाको कमल अदवान अस्पतालमा पठाउन सक्षम भएको बताउनु भएको छ।

घेराबन्दीको कारण भयाभह मानवीय अवस्थाको बीचमा, नागरिकहरूको नरसंहारको साथै आक्रमणसहित सन् २०२३ अक्टोबर देखि गाजामा नरसंहार निरन्तर भइरहेको छ।

# सूचना-प्रविधि क्षेत्रमा निर्धक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीलाई सञ्चारमन्त्रीको आग्रह

काठमाडौं, १८ मङ्सिर (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालको सूचना-प्रविधि (आइटी) क्षेत्रमा लगानीका पर्याप्त अवसर रहेकाले निर्धक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरूलाई आग्रह गर्नुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको समन्वयमा सामाजिक सञ्जाल टिकटकले मंगलबार यहाँ आयोजना गरेको 'डिजिटल सेफ्टी समिट'मा उहाँले नेपालमा लगानीको सुरक्षा रहेको तथा आइटी क्षेत्र आकर्षक लगानीको विधा भएकाले त्यसमा ढुक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरूलाई आह्वान गर्नुभएको हो । उहाँले वैदेशिक लगानी सुरक्षित गर्न सरकारले पर्याप्त नीतिगत व्यवस्था गरेको बताउनुभयो ।

टिकटकजस्ता अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा लगानीका लागि उपयुक्त वातावरण तयार गरिएको जानकारी दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले निजी क्षेत्र तथा बहुराष्ट्रिय कम्पनीहरूको लगानी सुरक्षा गर्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा डिजिटल टेक्नोलोजीमा लगानीको वातावरण छ, प्रतिफल पनि सुनिश्चित गरिएकाले निर्धक्क भएर लगानी गर्न सक्नुहुन्छ ।"

सूचना-प्रविधिको क्षेत्रमा लगानी गर्ने कम्पनीहरूलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समाजप्रतिको सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्ने सर्तहरू पनि राखेको जानकारी दिनुभयो । ती सर्त पालना गरेर नेपालमा टिकटक पुनः सञ्चालनमा आएको उहाँले बताउनुभयो । सरकारको डिजिटल नेपाल बनाउने उद्देश्य साकार पार्न नागरिक समाज, निजी क्षेत्र, सामाजिक सञ्जाल प्लेटफर्म प्रयोगकर्तालगायत व्यक्ति र संस्थाको साझा प्रयत्न आवश्यक छ भन्नुभयो । मन्त्री गुरुङले सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम मन्त्रालयमा टिकटक सूचीकरण भएको बताउनुभयो ।

टिकटकले डिजिटल सुरक्षा अभियान, तालिम र कार्यशाला, स्थानीय सामग्री उत्पादनमार्फत डिजिटल साक्षरता बढाउन, शैक्षिक सामग्री तयार गर्न, छात्रवृत्ति प्रदान, शैक्षिक प्रतिष्ठानमा स्मार्ट कक्षाकोठा सञ्चालनका माध्यमबाट मुलुकको शैक्षिक प्रणालीको आधुनिकीकरणमा सघाउ पुर्‍याउनेमा आफू विश्वस्त रहेको मन्त्री गुरुङले बताउनुभयो ।

देशको पर्यटन प्रवर्द्धनमा सघाउने, आइटीको विकासमा योगदान गर्ने, सांस्कृतिक र शैक्षिक उन्नतिमा जोड दिनेलगायत सर्त सरकारले टिकटकसँग राखेको जानकारी मन्त्री गुरुङले दिनुभयो । सरकारले राखेका ती सर्त पालना गरेकाले टिकटक नेपालमा दर्ता भई पुनः सञ्चालनमा आएको बताउनुभयो ।

"टिकटकले सामाजिक आर्थिक विकासका साथै मर्यादित सामाजिक सञ्जालको छवि कायम गर्छ भन्नेमा विश्वस्त छौँ", उहाँले भन्नुभयो, "नेपाल सरकारले आगामी दशकलाई आइटी दशकका रूपमा घोषणा गरिसकेको तथा देशलाई सूचना-प्रविधिको हबका रूपमा विकास गर्ने लक्ष्य छ ।" उहाँले आइटीका माध्यमबाट पाँचदेखि १० लाख रोजगारीका अवसर सृजना गर्ने सरकारी लक्ष्य पनि सुनाउनुभयो ।

फरक प्रसङ्गमा सञ्चारमन्त्री गुरुङले सामाजिक सञ्जालहरू मुलुकको मौजुदा ऐन, कानुन र कार्यविधिअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले बढ्दो 'साइबर' अपराध नियन्त्रणबाट नै सभ्य समाजको निर्माणमा सहयोग पुग्ने भएकाले साइबर सुरक्षाका निम्ति पनि सरकार प्रतिबद्ध रहेको दोहोर्‍याउनुभयो । महिला तथा बालबालिका यसबाट बढी प्रभावित भएकामा चिन्ता व्यक्त गर्दै मन्त्री गुरुङले सूचना प्रविधिको सही उपयोगमा जोड दिनुभयो ।

# प्रधानाध्यापकले किर्ते हस्ताक्षर गरि रकम निकालेको खुलासा

**दैनिक समाचारदाता रौतहट, १८ मंसिर ।**

रौतहटको चन्द्रनिगाहपुर नगरपालिकामा रहेको आधुनिक प्राथमिक विद्यालय राजपैंडाका प्रधानाध्यापक किशोरी चौधरीले कीर्ते हस्ताक्षर गरेर रकम निकालेको खुलेको छ ।

कीर्ते हस्ताक्षर गरी विद्यालयको बैंक खातामा रोक्का रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रौतहटले उनलाई पक्राउ गरेको छ ।

पक्राउ परेका चौधरीविरुद्ध लिखतसम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद लिएर अनुसन्धान अघि बढाइएको रौतहटका डीएसपी दीपककुमार रायले बताए ।

नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को विशेष अनुदानबाट ४ कोठे भवन निर्माणका लागि ४७ लाख ७५ हजार ५१२ रुपैयाँ निकास भएको थियो । भवन निर्माणको ठेक्का ब्रह्म बाबा कन्ट्रक्सनलाई दिइएको थियो । काम भएपछि रकम नियमानुसार भुक्तानी पाउने गरी रोक्का गरिएको थियो ।

प्राविधिक जाँच तथा पहिलो रनिङ बिल भरपाइको आधारमा नगरपालिकाको पत्रद्वारा २० लाख १० हजार ५२९ रुपैयाँ ब्रह्म बाबाले पाउने गरी रकम फुकुवा गरिएको थियो ।

उक्त रकम निकालेपछि प्रधानाध्यापक चौधरीले नगरपालिकाको पत्रहरूमा कीर्ते हस्ताक्षर गरी बाँकी रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको आरोप छ ।

# राज्यले प्रदान गर्दै आएको सुविधाबाट अपाङ्गता भएका व्यक्ति अझैं बञ्चित




**दैनिक समाचारदाता काठमाडौं, १८ मंसिर ।**

राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष देवीदत्त आचार्यले राज्यले प्रदान गर्दै आएको सुविधाबाट ग्रामीण र दुर्गम भेगका अपाङ्गता भएका व्यक्ति अझै पनि बञ्चित रहेको बताएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको ३३ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा सोमबार महासंघले काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले ८ जनामध्ये एक जनाले मात्र राज्यले प्रदान गर्दै आएको सहायक सामग्री प्राप्त गर्ने गरेको बताए ।

महासंघका महासचिव सुगम भट्टराईले अपाङ्गता भएका व्यक्तिको कानुनी क्षमताको स्वीकार्यतालाई सुनिश्चित गर्न र सहयोगमा आधारित निर्णय प्रक्रियालाई प्रवर्द्धन गर्न पहल गर्नुपर्ने बताए । अपाङ्गताको परिभाषा र वर्गीकरणलाई वैज्ञानिक र अन्तर्राष्ट्रिय मान्यता अनुसार बनाउन पहल गर्नुपर्ने पनि उनले बताए ।

हरेक वर्ष ३ डिसेम्बरमा अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर एकीकृत रूपमा प्रवर्द्धन गर्न सन् १९९२ देखि यो दिवस मनाउन थालिएको हो ।

यस वर्षको अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस २०२४ को मूल नारा 'अपाङ्गता अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन र दिगो विकास लक्ष्यका अपाङ्गतासम्बन्धी सूचक प्राप्ति गराउने' ध्येयमा आधारित छ ।

# नेपाल र चीनबीच पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर

चीन, १८ मङ्सिर (रासस)।

चीनको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका चिनियाँ समकक्षी लि छ्याङको उपस्थितिमा नेपाल र चीनबीच विभिन्न समझदारी भएको छ । दुवै देशका प्रधानमन्त्रीबीच द्विपक्षीय वार्तापछि पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो ।

नेपाल र चीनबीच टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका सम्बद्ध अधिकारीले हस्ताक्षर गरेर आदानप्रदान गरेका छन् । त्यसैगरी नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । चीनले काठमाडौंको वसन्तपुरस्थित नौतले दरबार पुनःनिर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैसीको मासु चीन निर्यातसम्बन्धी प्रोटोकलमा समझदारी भएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालका अनुसार विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइ आदानप्रदान भएको छ भने स्वयमसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

प्रवक्ता ढकालले भन्नुभयो, "सम्पर्क सञ्जाल विस्तार, औद्योगिक तथा पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा सहकार्य, कृषि, व्यापार, पर्यटन, लगानी, विज्ञान तथा प्रविधि, खेलकूद, प्राकृतिक प्रकोप व्यवस्थापन, दुई देशबीचको जनस्तरको सम्बन्ध, गरिबी निवारणलगायतका क्षेत्रमा थप सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको छ ।"

# नेपाल प्रिमियर लिग (एनपीएल) मा 'बेटिङ' गरेको आरोपमा चारजना पक्राउ

काठमाडौं, १८ मङ्सिर (रासस)।

नेपाल प्रिमियर लिग (एनपीएल)मा 'बेटिङ' गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट खेल मैदानमा सञ्चालन भइरहेको प्रतियोगितामा बेटिङ गराएको आरोपमा भारत बिहारका चार जना पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बागटीका अनुसार पक्राउ पर्नेमा भारतीय नागरिकहरू २४ वर्षीय सुमन भोज, २५ वर्षीय अमित यादव, २४ वर्षीय सुमन कुमार र २५ वर्षीय ब्रजेस कुमार छन् ।

उहाँले भन्नुभयो, "सुमन भोज र अमित यादवलाई सोमबार पक्राउ गरिएको हो भने सुमन कुमार तथा ब्रजेस कुमारलाई मंगलबार पक्राउ गरिएको हो । उनीहरूविरुद्ध सट्टेबाजी गर्न नहुने कसुरमा म्याद थपका लागि अदालत लगिएको छ ।"

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफूपरिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np